सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ११० ♦ २०८१ साल मंसीर १४ गते शुक्रवार ♦ 29 Nov 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## 'हिंसामुक्त समाज निर्माणका लागि हामी सबैको साझा प्रयास आवश्यक छ'



**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, जनकपुरधाम**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले लैङ्गिक समानतासहित हिंसामुक्त समाज निर्माणका लागि हामी सबैको साझा प्रयास आवश्यक भएको बताउनुभएको छ ।

जनकपुरधाममा मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यू.एन. एफ. पि. ए)को समन्वय तथा सहकार्यमा बिहीबार आयोजना गरेको जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका प्रतिबद्धता कार्यान्वयनको अवस्था तथा मधेश लैङ्गिक समानताको सवालबारे मधेश प्रदेशसभाका सदस्यहरुसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले लैङ्गिक हिंसा ,दहेज प्रथा र बालविवाह जस्ता विकृतिहरुले समाज प्रभावित रहेको भन्दै यस्ता विकृति अन्त्यका लागि समाजमा रहने सबै पक्षले आ-आफनो ठाउँवाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले अन्य प्रदेशको तुल्नामा मधेश प्रदेशमा यस्ता विकृतिको अवस्था भयावह रहेको भन्दै एक जनाको प्रयासले अन्त्य गर्न सम्भव नरहेको बताउनुभयो। उहाँले समाजमा हुने गरेको यस्ता विकृतिहरु अन्त्यका लागि प्रहरी प्रशासन र जनप्रतिनिधिको भूमिका महत्वपुर्ण भएको भन्दै समाजमा यस्ता विकृतिहरु भइ रहेको देखेपछि सरोकारवाला पक्षहरु एक अर्का सँगको समन्वयमा हुन नदिनका लागि खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक राम अशिष यादवले लैङ्गिक समानताका लागि निर्माण भएका ऐन कानुनको सफल कार्यान्वयनका लागि प्रदेश सरकारले काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले देशमा बढदै गएको जनसङ्ख्या अनुरुप नै विकासको कामलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । नेकपा एमालेका प्रदेशसभा सदस्य शारदादेवी थापाले लैङ्गिक हिंसामुक्त समाज निर्माणका लागि प्रदेश सरकारले नागरिकमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । खेलकुद तथा समाज कल्याण मन्त्रालय मधेश प्रदेशका सचिव चूडामणि फुयालको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्यहरु जंगीलाल राय , जिवछीकुमारी यादवसहितले लैङ्गिक हिंसा अन्त्यका लागि हामी सबै एकबद्ध भएर अघि बढनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा यू.एन. एफ. पि. एका कार्यक्रम अधिकृत समीर घिमिरेले लैङ्गिक समानता,जनसङ्ख्या वृद्धि र त्यसले पार्ने प्रभावको वारेमा र मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक विक्रम साहले मधेश प्रदेशमा लैङ्गिक हिंसाको अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## मधेश प्रदेश प्रहरी सुरक्षा समन्वय बैठक सम्पन्न

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, जनकपुरधाम**



मधेश प्रदेशको राजधानी जनकपुरधाममा प्रत्येक वर्ष मनाइने साताव्यापी सिताराम विवाहपञ्चमी महोत्सव र प्रत्येक पाँच वर्षमा लाग्ने बाराको गढीमाई मेलालाई दृष्टिगत गरी बिहीबार प्रदेश प्रहरी सुरक्षा समन्वय बैठक सम्पन्न भएको छ ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानु नमन्त्री राजकुमार लेखीको अध्यक्षतामा बसेको बैठकमा सिताराम विवाहपञ्चमी महोत्सव र बारा जिल्लाको गढीमाई मेलाको सुरक्षा र व्यवस्थापनको विषयमा छलफल भएको हो ।

बैठकमा स्थानीय प्रशासनले गरेको सुरक्षा व्यवस्था र योजना, मेला भर्न आउने श्रद्धालुको भीड व्यवस्थापन, ट्राफिक व्यवस्थापन, निगरानी तथा सञ्चार प्रणाली, सरोकारवालासँगको समन्वय लगायतको विषयमा विगतका अनुभवको समीक्षा तथा भावी कार्ययोजनाको विषयमा बृहत् छलफल भएको हो । बैठकको अध्यक्षता गर्नुभएका गृह, सञ्चार तथा कानु नमन्त्री लेखीले कार्ययोजनामाथि बृहत् छलफल हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सुरक्षाका चार अङ्ग नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र नेपाली सेनालाई प्रभावकारी ढङ्गले सुरक्षा व्यवस्थापन गर्न आग्रह गर्नुभयो ।

बैठकमा सुरक्षा अधिकारीले मेलामा सुरक्षाका तीन घेरा रहने जसमा पहिलो घेरामा नेपाल प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी रहने जानकारी गृहमन्त्रीलाई गराउनुभएको थियो । साताव्यापी सिताराम विवाहपञ्चमी महोत्सवमा मात्रै १४ सय भन्दा बढी सुरक्षाकर्मी परिचालन हुने धनुषाका प्रहरी प्रमुख एवम् प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले बताउनुभयो ।

बैठकमा गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेश प्रदेशका सचिव उद्धवप्रसाद रिजाल, सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिबास महोत्तरीका प्रमुख एवम् सशस्त्र प्रहरी नायब महानिरीक्षक कालिदास धौवजी, राष्ट्रिय अनुसन्धान मधेश प्रदेश कार्यालयका प्रमुख एवम् अनुसन्धान निर्देशक माधवप्रसाद तिमिल्सिना, मधेश प्रदेश प्रहरी कार्यालय मधेश प्रदेशका प्रहरी उपरीक्षक सुवास चन्द्र बोहोरा, प्रहरी उपरीक्षक ईश्वर थापासहितका उच्च सुरक्षा अधिकारीको सहभागिता थियो ।


सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, मधेस प्रदेश, जनकपुरधाम

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# एम्बुलेन्सबाट ब्राउन सुगर सहित २ जना पक्राउ

**खबर दर्पण समाचारदाता**
**मंसीर १३ गते, बर्दिवास**

सिन्धुलीस्थित प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटले सञ्चालन गरेको एम्बुलेन्सबाट प्रहरीले ब्राउन सुगरसहित २ जनालाई पक्राउ गरेको छ ।

बर्दिबासबाट सिन्धुलीतर्फ जाँदै गरेको बा.प्र ०१-००२ भ्र ६६९० नंको एम्बुलेन्सबाट १० ग्राम ब्राउन सुगर बरामद भएपछि चालकसहित दुवै जनालाई नियन्त्रणमा लिएको हो ।

बिपी राजमार्गबाट लागु औषध ओसारपसार भइरहेको सूचनाको आधारमा इलाका प्रहरी बर्दिबासबाट खटी गएको सुरक्षा टोलीले हिजो (बुधवार) राती बर्दिबास ३ स्थित बिपी राजमार्गमा एम्बुलेन्सको लाई चेकजाँजको क्रममा एम्बुलेन्सको साइरनमा रहेको माइक्रोफोनभित्र लुकाई राखेको अवस्थामा ब्राउन सुगर बरामद भएको डिएसपी रेवती रमण पोखरेलले बताउनु भयो ।

ब्राउन सुगर कारोबारमा अन्यको पनि संलग्नता हुन सक्ने प्रहरीको आशङ्का छ । थप अनुसन्धान प्रभावित हुने भन्दै प्रहरीले चालकसहित पक्राउ परेका दुवै जनाको नाम तत्काल सार्वजनिक गरेको छैन ।

एम्बुलेन्ससहित पक्राउ परेका दुवै जनामाथि बर्दिबास प्रहरीले अनुसन्धान गरी रहेको छ । बरामद एम्बुलेन्स सिन्धुलीस्थित मरिन गाउँपालिकाले उक्त स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरेको थियो ।


## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल


# युके युनिभर्सिटीका प्रतिनिधि बर्दिवासमा, पढ्न जान चाहनेलाई अवसर

**खबर दर्पण समाचारदाता**
**मंसीर १३ गते, बर्दिवास**



उच्च शिक्षाका लागि युके जान इच्छुक विद्यार्थीलाई लक्षित गरी महोत्तरीको बर्दिवासमा अभिमूखिकरण कार्यक्रमको आयोजना गरिने भएको छ । बर्दिवासस्थित औरही रोडमा अवस्थित ग्रेस इन्टरनेसनलले शुक्रवार उक्त कार्यक्रमको आयोजना गर्न लागेको हो ।

उच्च शिक्षा अध्ययनका लागि युके जान चाहने विद्यार्थीहरुलाई आवश्यक योग्यता र प्रक्रियालगायतका विषयमा जानकारी दिने उद्देश्य उक्त कार्यक्रमको आयोजना गर्न लागिएको ग्रेस इन्टरनेसलका मार्केटिङ डाइरेक्टर अजय मल्ल ठकुरीले जानकारी दिए। उनले यो कार्यक्रम खुल्ला रहेकाले युके जान चाहने जो कोही विद्यार्थीहरु पनि सहभागी हुन सक्ने बताए ।

युकेमा पढ्न आवश्यक योग्यता, लागत, प्रक्रियालगायतका विषयमा जानकारी दिन युके युनिभर्सिटीका तीन जना प्रतिनिधि बर्दिवास आएको ठकुरीले सुनाए । 'त्यस्ता विद्यार्थीका लागि यो सुनौलो अवसर हो । कार्यक्रममा युके युनिभर्सिटीका प्रतिनिधिहरुले स्वयम सबै कुराको जानकारी दिनुहुन्छ। सबै कुरा मिलेको छ भने उहाँहरुले 'अन द स्पट' एडमिसन पनि लिनुहुन्छ,' कार्यक्रम बारे जानकारी दिँदै ठकुरीले भने ।

कार्यक्रम औरही रोडमा रहेको ग्रेस इन्टरनेसलको सभाहलमा हुने मार्केटिङ डाइरेक्टर ठकुरीले जनाए ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मधेस प्रदेश , जनकपुरधाम


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# साढे ६ दशक पुरानो भित्तामा मिथिला पेन्टिङ

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, जनकपुरधाम**

मर्निङ वाकमा निस्कने प्रायःजसोको ध्यान जनकपुर चुरोट कारखाना लिमिटेड( जचुकालि)को भित्ताले खिच्छ । फुरूङ्ग रंग उडेको, ठाउँ-ठाउँमा प्लाष्टर झरेर इँटा देखिने र झारपातले लुकेको जचुकालीको बाहिरी पर्खाल भने धपक्क बलेको छ । हातमा ब्रस र एक्रेलिक रंग बोकेर महिलाहरू लहरै भित्तामा मिथिला पेन्टिङ कुँदिरहेका छन् ।

सडकपेटीमा बसेर कलाकार र मिता ठाकुरले राम र सीताको विवाह समयको प्रतिकात्मक चित्र भित्तामा कोर्दै थिइन् । गद्दी (आसन)मा बसेका राम र सीताको चित्रनिर उनले धनुषको स्केच पनि तयार पारेकी छन् । ‘स्केच बनाएपछि रंग भर्नुपर्छ,’ ठाकुरले भनिन्,‘अहिले त कालो-कालो मात्र देखिएको होला । रंग भरेपछि गजब देखिन्छ ।’ ठाकुरले दुई दिनदेखि बनाउन थालेको यो मिथिला पेन्टिङ पुरै सक्न अझ दुई दिन लाग्ने बताइन् ।

याक, गैंडा र देउराली ब्रान्डको चुरोट उत्पादन गर्ने यो उद्योग २०७० असार २० गतेदेखि बन्द छ। उद्योगभित्र हाल मधेश प्रदेश सरकारको मुख्यालय छ । सोभियत संघ (रुस)को सहयोगमा २०१७ सालमा जनकपुरमा यो उद्योग निर्माण थालिएको थियो । करिव ६४ वर्षअघि निर्माण गरिएको उद्योगको यो भित्तालाई मधेश प्रदेश सरकारले मिथिला पेन्टिङ गरेर सिंगार्न थालेको हो ।

मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मुख्यद्वारको पश्चिमी भित्तामा तीनजना कलाकारले एकैसाथ एउटै पेन्टिङलाई अन्तिम रूप दिँदै थिइन् । मिथिलाको वैवाहिक परम्परालाई भित्तामा उतारेका तीनैजना कलाकारहरूले आफूहरुले लगाएको लुगाको रंग नै पेन्टिङमा पोतेका छन् । ३३ बिगाहा ९ कट्ठा जग्गा ओगटेको उद्योगको बाहिरी पर्खालको ३ हजार ५ सय फिट (१ किमि)मा १ सय ६० वटा मिथिला पेन्टिङ कोरिनेछ । ‘१ सय ६० वटै पेन्टिङ फरक-फरक खालको हुनेछ,’ मधेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी उदित कुमार ठाकुरले भने,‘करिव ५० जना कलाकार मिथिला पेन्टिङ बनाउन खटिएकी छन् ।’ मन्त्रालयले २० लाख रुपैयाँ खर्चेर जचुकालिको बाहिरी परिसर सिंगारिरहेको छ। मिथिलाको संस्कृति, रहनसहन, खानपान र विविधता झल्काउने १ सय ६०



फरक प्रकारका मिथिला पेन्टिङ पर्खालमा पोतिने भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी ठाकुरले जानकारी दिए ।

‘मधेश सरकारको मुख्यालयको बाहिरी पर्खाल कुरुप देखिन्थ्यो,’ सूचना अधिकारी ठाकुरले भने,‘हेर्दै आहा होस् भनेर बाहिरी पर्खालमा मिथिला पेन्टिङ कोर्न लगाइएको हो । सबै स्थानीय (जनकपुर) कलाकारले नै पर्खालमा मिथिला पेन्टिङ बनाइरहेकी छन् ।’

मिथिला पेन्टिङका चित्रकार एससी सुमनले मिथिला पेन्टिङ पहिला माटोको भित्तामा कोरिन्थ्यो । ‘माटोको भित्तामा मिथिला पेन्टिङ गर्दा प्राकृतिक रंग प्रयोग गरिन्थ्यो,’ सुमनले भने,‘पछि, सिमेन्टको पर्खालमा पेन्टिङ गर्न थालियो । अनि एक्रेलिक कलरको प्रयोग बढ्यो ।’

उनका अनुसार भित्तामा मिथिला पेन्टिङ गर्ने थिम पुरानै भए पनि माध्यम भने बदि्लएको बताए । ‘पहिला पौराणिक थिमका पेन्टिङ बन्थ्यो । अहिले समसमायिक विषयवस्तु पनि समेटिन थालिएको छ ।’-कान्तिपुर

# उखुको समर्थन मूल्य निर्धारण : प्रतिक्विन्टल २० रुपियाँले वृद्धि

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, बर्दिवास**

सरकारले उखुको समर्थन मूल्यमा २० रुपियाँ वृद्धि गरेको छ ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले उद्योगी (उखु मिल) ले किसानहरूलाई उपलब्ध गराउने रकममा प्रतिक्विन्टल २० रुपियाँले वृद्धि गरेको हो । जस अनुसार अब किसानले प्रतिक्विन्टल झन्डै ५ सय ८५ रुपियाँ उखु मिलबाट पाउने छन् ।

सरकारले उखु किसानलाई अनुदान बापत दिने रकमको भने निर्णय गर्न बाँकी छ । कृषि तथा पशुपक्षी विकास मन्त्री रामनाथ अधिकारीले उखु किसानलाई अनुदान बापत दिने रकम वृद्धि गर्नुपर्ने प्रस्ताव गर्नुभएको छ । तर, मुलुकको आर्थिक अवस्थालाई समेत ख्याल गरेर अनुदान बापत दिने रकमपछि निर्धारण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको हो ।

सरकारले यसअघि प्रतिक्विन्टल ७० रुपियाँ अनुदान दिएको जानकारी कृषि मन्त्रीको सचिवालयले जनाएको छ ।







बर्दिबास नगरपालिका वडा नं.-०८, महोत्तरी स्थित ओम फुड एण्ड फिड ग्रेन इण्डष्ट्रिज को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१४)

मधेश प्रदेश महोत्तरी बर्दिबास नगरपालिका वडा नं.-०८ ओम फुड एण्ड फिड ग्रेन इण्डष्ट्रिज स्थित निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम : | ओम फुड एण्ड फिड ग्रेन इण्डष्ट्रिजको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- ओम फुड एण्ड फिड ग्रेन इण्डष्ट्रिज<br>ठेगानाः- बर्दिबास नगरपालिका वडा नं.-०८,महोत्तरी<br>सम्पर्क नंः- ९८०१५२७१८५ |
| प्रस्तावको व्यहोरा : | जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं.-०८ को किता नं. ६७६ को क्षेत्रफल ०-९-१९ (बि.-क.-धु.) भएको जग्गामा निर्माण तथा संचालन हुने ओम फुड एण्ड फिड ग्रेन इण्डष्ट्रिज को लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा : | जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं.-०८ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय : | बर्दिबास नगरपालिका<br>८ नं वडा को कार्यालय, महोत्तरी |
| प्रस्तावकको नाम र ठेगाना : | नामः- ओम फुड एण्ड फिड ग्रेन इण्डष्ट्रिज<br>ठेगानाः- बर्दिबास नगरपालिका वडा नं.-०८,महोत्तरी<br>सम्पर्क नंः- ९८०१५२७१८५ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा ।<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं. : ९८५१००६६४३<br>इमेल : shambhuprasadchaurasia@gmail.com |





# उखुको जुस बेचेर मासिक ४० हजार आम्दानी

**खबर दर्पण समाचारदाता**

**मंसीर १३ गते, बर्दिवास**

मिथिला-१ ढल्केबरका ३० वर्षीय पञ्चलाल साहले उखुको जुस बेचेर मासिक ४० हजार आम्दानी गर्दै आउनुभएको छ। महोत्तरीको बर्दिबासचोकमा बिहानैदेखि साँझसम्म उखु पेलेर रस बेच्ने काम गर्दै आउनुभएका उहाँले आम्दानी गर्न विदेश जानु नपर्ने धारणा राख्नुभयो ।

"हामीले कुरा नबुझी भौतारिन्छौँ, काम गर्न सके स्वदेशमा आन्दानीका प्रशस्त स्रोत छन्", उखुको रस बेच्दै साहले भन्नुभयो, "आफ्नै ठाउँमा परिवारको साथमा काम गर्न र जीविकोपार्जन गर्न सकिन्छ । अवसर खोजी गरेर मेहनत गर्नुपर्छ, आम्दानीका स्रोत जति पनि भेटिन्छन् ।"

पछिल्ला तीन वर्षदेखि बर्दिबासलाई आफ्नो बजार बनाउनुभएका साहले उखुको रस बेचेको कमाइले परिवारको गुजारा चलाउनुका साथै यसअघि विदेश जाँदाको रु चार लाख ऋण पनि तिरिसकेको बताउनुभयो। "महिनामा रु ४० हजार कमाइ हुन्छ, किन जानु खाडी रु", उहाँले प्रश्न गर्नुभयो, "मैले अहिले विदेश जाने कुरा सोच्नै छाडेँ ।"

यसअघि गरिबीले थिचेर जीविकोपार्जनका लागि कतार र सउदीअरेबियामा पाँच वर्ष बिताउँदा ऋणको भार लिएर फर्केको साहको अनुभव छ । "घरको दुःख टार्न भनेर ऋण गरेर गएँ, दलालको चक्कर रहेछ, भनेको काम नपाएर ऋण बोकेर रुँदै घर फर्कें", उहाँले भन्नुभयो, "स्वदेश फर्केर रु दुई लाखमा उखु पेल्ने मोटर किनेर काम थालेँ, अहिले परिवारको खर्च गर्न कुनै दुःख छैन ।"

यहाँको कामले पुरानो ऋण तिरेर घरगुजारा चलाउँदै छरछिमेकमा पर्दा दुई/चार सय सरसापट चलाउनसक्ने भएको साहले बताउनुभयो । "मेरो छ जनाको परिवारलाई दैनिकी चलाउन, छोराछोरी पढाउन अहिले कुनै समस्या छैन", उहाँले भन्नुभयो। साहले दुई छोराछोरीलाई बर्दिबासमा राखेर पढाइ रहनुभएको छ ।

साहजस्तै ईश्वरपुर नगरपालिकाको श्रीनगरका २० वर्षीय विक्कीकुमार साहले पनि उखुको जुस बेच्ने काम गर्दै आउनुभएको छ । खोजखाज गरेर राहदानी बनाउनुभएका विक्कीले विदेश जाने ऋण नपाएपछि सानो पुँजीले दुई वर्षअघि उखु पेलेर जुस बेचन थालेको बताउनुभयो । अहिले यसबाट कमाइ हुन थालेपछि छुटेको पढाइलाई निरन्तरता दिनुका साथै घर खर्चमा सहयोग गर्न थालेको उहाँले बताउनुभयो । "दैनिक रु एक हजार भन्दा बढी आम्दानी हुन्छ, अहिले १२ कक्षाको पढाइलाई निरन्तरता दिन थालेको छु । अब ऋण काढेर विदेश जाने सोच छैन", विक्कीले भन्नुभयो । बर्दिबासचोकमा मात्रै यही पेसा गरिरहेका छ/सातजना भेटिन्छन् । सबैजसोले दैनिक काम गर्दा मनग्ये आम्दानी भइरहेको प्रतिक्रिया दिने गरेका छन् ।

महोत्तरी, सर्लाही र धनुषामा उखुखेती बढी हुने भएकाले यहाँ कच्चापदार्थ (उखु) खोज्न भौतारिनु नपर्ने र रस नगदमा जाने



हुँदा उधारो करोबार नहुने विक्कीको भनाइ छ ।

मोटर गुडाउँदै उखु पेलेर रस बेच्ने काम गरिरहेकाहरूसँग किसान पनि खुसी छन् । यिनीहरूले चिनीमिलको भन्दा केही बढी मूल्यमा तत्कालै नगद दिएर उखु लाने हुँदा दैनिक गर्जो टार्न नगद आइरहेको बर्दिबास-२ का किसान क्षेत्रबहादुर भुजेलले बताउनुभयो ।

बजारचोकमा उखुको जुस खाने बाक्लै आगन्तुक हुन्छन्। आफ्नै आँखा अगाडि पेलेर ताजा जुस दिने भएकाले उपभोक्ताको रोजाइमा परेको हो। "पसलमा राखिएका विभिन्न थरिका जुसभन्दा यो स्वस्थ्यकर र तत्काल ऊर्जा दिने हुन्छ", स्थानीय स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झाले भन्नुभयो । स्वदेशमा अवसर खोज्ने हो भने विदेश जानुपर्ने बाध्यता अन्त्य हुने झाको भनाइ छ । साना व्यावसायिलाई स्थानीय सरकारले जीविकोपार्जनमूलक सीप विकास, आर्थिक तथा प्राविधिक सहयोग गरी युवालाई विदेश जानबाट रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो । रासस


**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सिन्धुली अस्पताल, सिन्धुली**



**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम**



**स्वस्थ्य लागि खेलकुद, देशको लागि खेलकुद, खेलाडीहरु राष्ट्रका गहना हुन्।**

हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता

**खेलकुद तथा समाजकल्याण मन्त्रालय**
**मधेस प्रदेश, जनकपुरधाम**



**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**सागरनाथ वन विकास परियोजना सर्लाही,**



**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेस प्रदेश, जनकपुरधाम**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,